घोराही उप-महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

सामाजिक विकास महाशाखा

फोन-फ्याक्स ०८२-५६०१६२
५६०२७३
५६१२६८
५६०७००
शाखा-अन्य : ०८२-५६०४४४
www.ghorahimun.gov.np

मिति:२०८१।०३।२४

प.स: २०८०/०८१ (शिक्षा)

च.न. ८६१

श्री सम्पूर्ण संस्थागत विद्यालय, निजी तथा सार्वजनिक शैक्षिक गुठीअन्तर्गत संचालित विद्यालयहरू

घोराही उप-महानगरपालिका, दाङ

विषय: जानकारी सम्बन्धमा ।

प्रस्तुत विषयमा घोराही उप-महानगरपालिकाको संस्थागत विद्यालय छात्रवृत्ति वितरण कार्यविधि २०८० अनुसार प्रत्येक संस्थागत विद्यालय, निजी तथा सार्वजनिक शैक्षिक गुठीअन्तर्गत संचालित विद्यालयहरूले चालु शैक्षिक सत्रमा भर्ना भएका कक्षागत विद्यार्थी संङ्ख्याको आधारमा अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन २०७५ को दफा २७ को उपदफा ३ बमोजिम निःशुल्क शिक्षा प्रदान गर्ने प्रयोजनका लागि नर्सरीदेखि दश कक्षासम्म विद्यालयमा छात्रवृत्ति वितरण समिति गठन गरी विद्यालयमा भर्ना भई अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूलाई जानकारी हुने गरी सार्वजनिक सूचना प्रकाशित गरेर छात्रवृत्तिका आवेदन लिने र आवेदन लिएका विद्यार्थीहरूबीच खुला र आरक्षित समूहमा नियमानुसार प्रतिस्पर्धा गराई छात्रवृत्तिका लागि छनौट भएका विद्यार्थीहरूको विवरण जेठ मसान्तभित्र सामाजिक विकास महाशाखामा बुझाउनुपर्ने तथा कक्षा ११ को हकमा नगरस्तरीय छात्रवृत्ति व्यवस्थापन समितिले सामाजिक विकास महाशाखाको सूचनाबमोजिम छात्रवृत्तिका लागि आवेदन पेस गरेका विद्यार्थीहरूमध्येबाट माध्यमिक शिक्षा परीक्षा (SEE) मा प्राप्त जि.पि.ए. को आधारमा योग्यताक्रम तयार गरी विद्यालयमा सिफारिस गरी पठाउने व्यवस्था भएको व्यहोरा अवगत गराउँदै देहायबमोजिम गर्न गराउन हुन जानकारी गराइन्छ ।

१.विद्यालय छात्रवृत्ति वितरण समितिबाट नियमानुसार प्रक्रिया पुरा गरी चालु शैक्षिक सत्रमा छात्रवृत्तिका लागि छनौट भएका नर्सरीदेखि दश कक्षासम्म विद्यार्थीको विवरण तोकिएको ढाँचामा २०८१।०३।३१ गतेभित्र महाशाखामा बुझाउने।

२.शैक्षिक सत्र २०८० मा छात्रवृत्ति प्रदान गरिएका कक्षा ११ र १२ का विद्यार्थीहरूको विवरणसमेत तोकिएको ढाँचामा २०८१।०३।३१ गतेभित्र महाशाखामा बुझाउने ।

३.शैक्षिक सत्र २०८१ मा विद्यार्थीहरूबाट लिइने शुल्क विवरण तोकिएको ढाँचामा २०८१।०३।३१ गतेभित्र महाशाखामा बुझाउने।

४.शैक्षिक सत्र २०८१ मा कक्षा ११ मा अध्ययन गर्नका लागि विद्यालयमा आवेदन फाराम भरेका विद्यार्थीहरूलाई घोराही उप-महानगरपालिकाको मिति २०८१।०४।१४ को सूचनाअनुसार उप-महानगरपालिकाको वेब साइटमा रहेको आवेदन फाराम डाउनलोड गरी भर्न लगाई आवश्यक कागजातसहित महाशाखामा बुझाउन जानकारी दिने तथा सो कार्यमा आवश्यक सहयोग गर्ने ।

नोट:माथि उल्लिखित व्यवस्थाको पालना नगर्ने विद्यालयहरूलाई मिति २०८१।०४।०१ गतेदेखि यस कार्यालयबाट कुनै पनि सुविधा र सिफारिस प्रदान नगरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

बिनोद गौतम
उप-सचिव
अधिकृत स्तर नवौं

घोराही उप-महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

फोन-फ्याक्स :
०८२-५६०१६२
५६०२८३
५६१२६८
५६००००
फ्याक्स नं. : ०८२-५६०४४५
www.ghorahimun.gov.np

नर्सरीदेखी बाह्र कक्षा सम्म छात्रवृत्ति प्रदान गरेको समष्टिगत विवरण पेस गर्ने ढाँचा

विद्यालयको नाम ठेगाना: संचालित कक्षा: इमिस कोड:

| क सं | कक्षा | भर्ना भएका विद्यार्थी संख्या | छात्रवृत्तिका लागि छुट्याइएको जम्मा कोटा | खुला कोटा | समावेशी कोटा | | | | | | | | | | | जम्मा समावेशी कोटा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | महिला ३३% | आदिवासी/जनजाति १५ % | मधेशी १२% | खस आर्य १०% | दलित ६% | थारु ४% | मुस्लिम ३% | अपाङ ३% | पिछडिएको/[illegible] | असहाय/अभिभावक गुमाएका ५% | | |
| | | | | | | | | | | | | | | | | |

नर्सरीदेखी बाह्र कक्षा सम्म छात्रवृत्ति प्रदान गरेको कक्षागत विवरण पेस गर्ने ढाँचा

विद्यालयको नाम ठेगाना:

भर्ना भएका विद्यार्थी संख्या: छात्रवृत्ति प्राप्त गरेका विद्यार्थी संख्या:

| क सं | विद्यार्थीको नाम | ठेगाना | कक्षा | अभिभावकको नाम | मोबाइल नं | छात्रवृत्तिको किसिम(खुला/समावेशी, समावेशीको हकमा समूहसमेत खुलाउने) |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| १ | | | | | | |
| २ | | | | | | |

शुल्क विवरण पेस गर्ने ढाँचा

विद्यालयको नाम ठेगाना: संचालित कक्षा: इमिस कोड:

| क सं | कक्षा | मासिक पढाइ शुल्क | भर्ना शुल्क | वार्षिक शुल्क | परीक्षा शुल्क | कम्प्युटर शुल्क | स्थानान्तरण प्रमाणपत्र शुल्क | विशेष प्रशिक्षण शुल्क | आवास शुल्क | परिवहन शुल्क | भोजन शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

सम्पूर्ण विवरणको प्रधानाध्यापकद्वारा प्रमाणित हार्डकपि र नेपाली युनिकोडमा तयार गरिएको सफ्टकपि विद्यालयको पत्रसहित पेस गर्नुपर्नेछ । शुल्क सम्बन्धमा अभिभावक भेला र विद्यालय व्यवस्थापन समितिबाट गरिएको निर्णयको प्रमाणित प्रतिलिपिसमेत पेस गर्नुपर्नेछ ।

विनोद गौतम
उप-सचिव
अधिकृत स्तर नवौं